# हेटौडा सिमेण्ट उद्योग लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## "अधिकृत विक्रेता निर्देशिका, २०७५"

उद्योगबाट उत्पादित "शक्ति" ब्राण्डको ओ.पि.सि. (OPC) सिमेण्ट विक्री वितरणका लागि नियुक्त अधिकृत विक्रेता र उद्योग विच सुमधुर सम्बन्ध र आपसी समझदारी कायम गर्दै विक्री वितरण कार्य व्यवस्थित गर्न संलग्न अधिकृत विक्रेता निर्देशिका, २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

१. उद्योगबाट उत्पादित सिमेण्टको अधिकृत विक्रेता भई विक्री वितरण गर्न चाहने ईच्छुक फर्मले फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.करमा समेत दर्ता भएको) प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित आवेदन गरेमा विक्रि तथा बजार व्यवस्था विभागको सिफारिशमा अधिकृत विक्रेता प्रमाणपत्र दस्तुर रु. १०००।- तथा रु.५ लाख धरौटी रकम जम्मा गर्न लगाई अधिकृत विक्रेता नियुक्ति गरिनेछ ।

२. अधिकृत विक्रेताले जम्मा गरेको धरौटी रकममा व्याज दिईने छैन । तर धरौटी रकम मध्येबाट रु. १ लाख मौज्दात राखी बांकी रकमको सिमेण्ट उठाउने सुविधा प्रदान गरिनेछ ।

३. सिमेण्ट उत्पादन परिमाण, अधिकृत विक्रेताहरुको विगतको अनुभव, साखः र विक्री गर्ने स्थान, विक्रेताको संख्या, सिमेण्ट विक्रीको प्राथमिकता क्षेत्र, ढुवानीको सहजता आदिलाई विचार गरी कुन अधिकृत विक्रेतालाई कति सिमेण्ट उपलव्ध गराउने भन्ने अधिकार उद्योगमा निहित रहनेछ । अधिकृत विक्रेताले कुनै पनि कारणबाट अधिकृत विक्रेता छोड्न चाहेमा उद्योगले निजसंग असुल गर्नुपर्ने कुनै रकम बांकी भए सो कट्टा गरी ३५ दिन भित्र धरौटी रकम फिर्ता दिईनेछ ।

४. अधिकृत विक्रेता प्रमाणपत्रको म्याद हरेक बर्षको असार मसान्त सम्म कायम रहनेछ । अधिकृत विक्रेताले असार मसान्त भित्र फर्म तथा कर चुक्ता प्रमाणपत्र सहित नविकरणको लागि निवेदन पेश गरेमा उद्योगले रु. १०००।- नविकरण दस्तुर लिई तथा म्याद समाप्त भएको ३५ दिन भित्र दोव्वर दस्तुर लिई १ पटकमा १ बर्षको लागि म्याद थप गरिनेछ । अधिकृत विक्रेता प्रमाणपत्रको नामसारी हुने छैन । २०७५ कार्तिक मसान्त सम्म नविकरण भएका अधिकृत विक्रेताहरुको २०७६ असार मसान्त सम्म कायम भएको मानिने छ ।

५. कुनै अधिकृत विक्रेताले रु. २५ लाख सम्मको उद्योगले तोकेको बैंकहरुबाट उद्योगको पक्षमा निश्चित अवधिको लागि जारी भएको बैंक ग्यारेण्टीबाट समेत अधिकतम ३० दिनको लागि बढीमा बैंक ग्यारेन्टीमा उल्लेख भएको रकमको ९० प्रतिशत रकम बराबरको सिमेण्ट उठाउने सुविधा उपयोग गर्न दिईनेछ । ३० दिन भित्र रकम नबुझाएमा ३१औं दिन देखि बैंक ग्यारेन्टी जारी गर्ने बैंकले ओभरड्राफ्ट कर्जामा लिने व्याज सरह व्याज लाग्नेछ । यसरी ६० दिन भित्र पनि रकम नबुझाएमा बैंक ग्यारेण्टीको शर्त अनुसार ग्यारेण्टीको रकम दावी गरी सो बराबरको रकम सम्बन्धित अधिकृत विक्रेतासंग असुल गरिनेछ ।

६. सिमेण्ट खरिद गर्नका लागि उद्योगको विभिन्न बैंकहरुमा रहेको चल्ती खातामा रकम जम्मा गरी सोको भौचर विक्री तथा बजार व्यवस्था विभागमा पेश गर्नु पर्नेछ । साथै उद्योगबाट हुने विक्री वितरण कार्यलाई सहज र प्रविधी मैत्री बनाउन तोकिएका बैंकहरुसंग ई-बैंकिंग सेवा लिई अधिकृत विक्रेताहरुले उद्योगको खातामा रकम जम्मा गरेको आधारमा सिमेण्ट उपलव्ध गराईनेछ ।

७. अधिकृत विक्रेताले ढुवानी तथा संचयको राम्रो प्रबन्ध गरी सिमेण्टको तौल तथा गुणस्तर ह्रास नहुने व्यवस्था मिलाउनु पर्नेछ ।

८. अधिकृत विक्रेताले “हेटौडा सिमेण्ट उद्योग लि.को अधिकृत विक्रेता” लेखिएको पाटी (साईनबोर्ड), अधिकृत विक्रेताको प्रमाणपत्र तथा सिमेण्टको मूल्य सूची सबैले प्रष्ट देख्न, पढ्न सक्ने ठाउमा राख्नु पर्नेछ ।

९. कुनै क्षेत्र (स्थान)का लागि उद्योगले विक्री मूल्य तोकि दिएमा तोकिएको मूल्यमा बिक्री गर्नु पर्नेछ ।

१०. अधिकृत विक्रेताहरुले पाउने विक्री कमिशन कारखानाद्वार मूल्यमा समावेश गरिएको छ । उक्त कमिशन प्रत्येक ३ महिनामा अधिकृत विक्रेतालाई उपलव्ध गराईनेछ ।

११. उद्योगको सिमेण्ट उत्साहवर्द्धक रुपमा उल्लेख्य परिमाणमा विक्री वितरण गर्ने अधिकृत विक्रेताहरुलाई २०७५।०४।०१ देखि लाग हुने गरी प्रोत्साहन स्वरुप अतिरिक्त विक्री कमिशन दिने व्यवस्था देहाय बमोजिम गरिएको छ ।

(क) प्रत्येक आर्थिक बर्षको श्रावण देखि पौष मसान्त सम्म र असार महिनामा न्यूनतम ७००० बोरा भन्दा बढी परिमाणमा विक्री वितरण गर्ने अधिकृत विक्रेताहरुलाई ७००० बोरा भन्दा बढीको विक्री परिमाणको (तोकिएको विक्री कमिशन बाहेक) रु. ७।- प्रति बोराको दरले हुन आउने रकम अतिरिक्ति विक्री कमिशन नियमानुसार कर कट्टा गरी अर्धबार्षिक रुपमा उपलव्ध गराईनेछ ।

(ख) आर्थिक बर्षको माघ देखि जेष्ठ मसान्त सम्म न्यूनतम १०,००० भन्दा बढी परिमाणमा विक्री वितरण गर्ने अधिकृत विक्रेताहरुलाई १०,००० बोरा भन्दा बढीको विक्री परिमाणको (तोकिएको विक्री कमिशन बाहेक) रु.४।- प्रति बोराका दरले हुन आउने रकम बराबरको अतिरिक्त विक्री कमिसन नियमानुसार कर कट्टा गरी अर्धबार्षिक रुपमा उपलव्ध गराईनेछ ।

(ग) अधिकृत विक्रेताले प्रत्येक श्रावण देखि पौष मसान्त र असार महिनामा मासिक ६ सय बोरामा नघटाई र माघ देखि जेष्ठ मसान्त सम्ममा मासिक १ हजार बोरा र एक आर्थिक बर्षमा न्यूनतम ९ हजार ६ सय बोरा सिमेण्ट विक्री वितरण नगरेमा त्यस्ता अधिकृत विक्रेता खारेज गरी धरौटी फिर्ता दिन सकिनेछ ।

१२. उद्योगबाट आकस्मिक स्थलगत निरीक्षण गर्दा अधिकृत विक्रेताले तत्काल सुधार गर्नु पर्ने देखिएका कुराहरुलाई मौखिक/लिखित निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना गर्नु अधिकृत विक्रेताहरुको दायित्व हुनेछ । पालना नगरेमा धरौटी फिर्ता गरी प्रमाणपत्र खारेज गर्न सकिने छ ।

१३. अधिकृत विक्रेताले विक्री गरेको सिमेण्टको तौल र गुणस्तर बारे कुनै उपभोक्ता ग्राहकबाट कुनै किसिमको गुनासो प्राप्त भएमा तत्काल उद्योगको विक्री तथा बजार व्यवस्था विभागमा जानकारी गराउनु पर्नेछ । त्यस्तो गुनासो सुनुवाई अधिकृत विक्रेताबाट सिमेण्ट विक्री भएको कर विजकलाई आधार मानि गरिनेछ ।

१४. उद्योगबाट दैनिक विक्री हुने सिमेण्टको निर्धारित तालिका (आलोपाले) प्रणाली लागु भएमा उद्योगको वेवसाईटमा अद्यावधिक गरिनेछ । त्यसैसाई आधिकारिक सूचना मानिनेछ ।

१५. उद्योगको तर्फबाट विक्री प्रवर्द्धनमा आवश्यक उपाय अपनाउनु पर्ने देखिएका महत्वपूर्ण सुझाव सल्लाहहरु ईमेल sales@hetaudacement.org.np वा website मार्फत पठाउन सकिनेछ ।

१६. अधिकृत विक्रेताले उद्योगमा जम्मा गरेको रकम, उद्योगबाट लिएको सिमेण्टको विक्री तथा मौज्दातको विवरण स्पष्ट देखिने गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

१७. मेशिनको खरावी, विद्युत आपूर्तिको कारणबाट भएको व्यवधान, सिमेण्ट उत्पादनमा कमी भएको कारणले प्याकिङ नभएको अवस्थामा वा अन्य कुनै पनि कारणले निर्धारित तालिका अनुसार सिमेण्ट दिन नसकेमा अधिकृत विक्रेताले उद्योगसंग कुनै हर्जाना वा क्षतिपूर्ति दावी गर्न पाउनेछैन ।

१८. निम्नलिखित अवस्थामा अधिकृत विक्रेताको प्रमाणपत्र उद्योगले रद्द गर्न सक्नेछ ।

(क) उद्योगले तोकेको मापदण्ड अनुसार सिमेण्ट नउठाएमा ।

(ख) बजारको मूल्य मान्यता विपरित वा उपभोक्ताको हित विपरित कार्य गरेमा ।

(ग) उद्योगको स्वामित्वमा रहेको ब्राण्डको छविमा वा उद्योगको प्रतिष्ठा मा आंच आउने कुनै काम गरेमा ।

(घ) अधिकृत विक्रेताले यस निर्देशकामा उल्लेखित शर्तहरु पालना नगरेमा ।

(ङ) फर्म खारेज भएमा ।

(च) अधिकृत विक्रेताले पाएको प्रमाणपत्र रद्द गर्न उद्योगलाई ३५ दिनको अग्रिम सूचना दिई प्रमाणपत्र रद्द गरेमा ।

(छ) उद्योगले कुनै कारणबाट अधिकृत विक्रेताबाट हटे वा खारेज गरेमा ।

(ज) उद्योगबाट सुधारको लागि दिईएको निर्देशनहरु बारम्बार पालना नगरेमा ।

१९. अधिकृत विक्रेता प्रमाणपत्रमा उल्लेखित ठेगाना परिवर्तन भएमा उद्योगमा १ महिना भित्र लिखित रुपमा नयां ठेगाना पेश गर्नु पर्नेछ ।

२०. उद्योग तथा अधिकृत विक्रेता बिच कुनै प्रकारको वादविवाद उत्पन्न भएमा र मेलमिलाप अथवा मध्यस्थता गर्दा विवाद समाधान नभएमा उद्योगको संचालक समितिको निर्णय अन्तिम हुनेछ ।

२१. एउटा फर्म/संस्थाको नाममा एउटा मात्र अधिकृत विक्रेता कायम रहनेछ ।

२२. अधिकृत विक्रेताले आफ्नो फर्मको साईनबोर्डमा उल्लेख गर्नु पर्ने नमूना :

| | |
|---|---|
| पान/मु.अ.कर नं. | फोन नं. |
| फर्मको नाम | |
| (हेटौडा सिमेण्ट उद्योग लिमिटेडको अधिकृत विक्रेता) | |
| ठेगाना | |

अधिकृत विक्रेता निर्देशिका, २०७५ मा उल्लेखित उपरोक्त निर्देशनहरु तथा उद्योगबाट यी निर्देशनहरुमा समय समयमा पछि हुने संशोधन समेत पालना गरी सिमेण्ट विक्री गर्न मेरो/हाम्रो मन्जुरी छ ।

फर्मको नाम :

ठेगाना :

फाने नं. ईमेल : फ्याक्स नं.

प्रोप्राईटरको नाम, ठेगाना :

मावाईल

दस्तखत

मिति

फर्मको छाप